Non-Resident Nepali Association (NRNA)
गैरआवासीय नेपाली संघ

*Ref. Press Release 09/023-25*

## प्रेस विज्ञप्ति

**आदरणीय सञ्चारकर्मी महानुभावहरु**

गैरआवासीय नेपाली संघको लेटरहेड र लोगो अनधिकृत रुपमा प्रयोग गरी आज पत्रकार सम्मेलन हुने भन्ने व्यहोरा विभिन्न सामाजिक सञ्जालमा देखिएको छ। तर यस संघमार्फत आजका लागि कुनै पनि किसिमको पत्रकार सम्मेलन आयोजना नगरिएको जानकारी गराउँदछौं।

गत अक्टोबरमा संघको निर्वाचनमा उपविजेता हुँदाहुँदै पनि आफूले आफैंलाई पदाधिकारी भनि स्वघोषणा गरी यस संघको गरिमामा आँच पुर्‍याउँदै आएको समूहमार्फत भइरहेका यस्ता अनधिकृत गतिविधिबाट सचेत रहन समेत हामी अनुरोध गर्दछौं।

साथै संस्थाको लेटरहेड र लोगो अनधिकृत रुपमा प्रयोग गरी भ्रम सिर्जना गर्ने गतिविधिको घोर भत्सर्ना गर्दै अब उपरान्त त्यस्ता गतिविधि नगर्न समेत सम्बन्धित समूहलाई आग्रह गर्दछौं।

फणिन्द्र पन्त
प्रवक्ता
अन्तराष्ट्रिय समन्वय परिषद्, गैरआवासीय नेपाली संघ
**मिति : २८ नोभेम्बर २०२३**